जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

सं.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक २७ २०७६ साल माघ १९ गते आइतवार (2 Feb. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिवाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** नेपाली कूटनीति ... **पृष्ठ ३ मा :** पूर्ण सरसफाइको पहिलो ... **पृष्ठ ५ मा :** चिसोबाट बचन विपन्न ... **पृष्ठ ५ मा :** बेलायत युरोपियन ...

# राजनीति बिना विकास र मधेशको परिवर्तन सम्भव छैन् : डा. सीके राउत





**राजविराज**/जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफू राजनीतिमा कुनै रहरले नभएर परिस्थितिले उब्जाएको समस्याका कारण आएको बताएका छन् ।

सरकारसँग ११ बुँदे सहमति गरेर झण्डै एघार महिनापछि पहिलो पटक आफ्नो गृह जिल्ला सप्तरी सदरमुकाम राजविराजमा जनमत पार्टीले शनिबार आयोजना गरेको विशाल आमसभालाई सम्बोधन गर्दै डा. राउतले सो कुरा बताएका हुन् ।

आमसभालाई सम्बोधन गर्दै डा. राउतले मधेशका समस्याहरु अहिले पनि ज्युको त्यँहु रहेकोले राजनीति बिना विकास र मधेशको परिवर्तन सम्भव नहुने भएपछि आफू राजनीतिमा प्रवेश गरेको बताए ।

मुलुकको राष्ट्रपति, उपराष्ट्रपति, गृहमन्त्री, बिदेश मन्त्रीसमेत मधेशी नै रहेको बेला मधेशको समस्या समाधान नभएको र मधेश आन्दोलनको नाममा ५४ जनालाई सहिद गराएर आफूलाई मधेश केन्द्रित दल भन्ने पार्टीहरुले सत्ताका लागि मात्र राजनीति गरिरहेको आरोप समेत उनले लगाए ।

समृद्ध मधेशको परिकल्पनालाई साकार गर्न र सम्पूर्ण मधेशीको अधिकार सुनिश्चित गराउन जनमत पार्टीको जन्म भएको उनको दाबी छ । उनले कुनै पनि विकासीय कार्य गर्न व्यक्तिगत रुपले नभएर राजनीतिक ढंगले मात्र सम्भव हुने भएकोले राजनीतिमा आफू होमिएको समेत जिकरि गरे ।

अहिले कुनै पनि विकासीय कार्यका लागि कमिशन बिना काम नहुने भन्दै राजनीतिको खोल ओढेर मधेशलाई जरजर अवस्था पुऱ्याउने मधेशी नेताहरुको बास्तविक रुप जनता माँझ नाङ्गिसकेकोले जनताको सबै आकांक्षा र विश्वास जनमत पार्टीले पुरा गर्ने उनको भनाई छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# नेपालमा कोरोना भाइरस प्रकोपको छैन् : मन्त्री भट्टराई

**काठमाडौं**/संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले नेपालमा कोरोना भाइरस प्रकोपको नरहेको स्पष्ट पारेका छन् ।

कोरोना भाइरस प्रकोपको नेपालमा उच्च जोखिम नरहे पनि उच्च सतर्कता अपनाउन सरकारले सबै संयन्त्रको प्रभावकारी परिचालन गरेको उनको भनाई छ ।

कोरोना भाइसरको सम्भावित प्रकोपको जोखिम नियन्त्रणका लागि के-कस्ता उपाय अपनाउने बारे शनिबार सरोकारवाला निकायसँगको छलफलका क्रममा उनले सो जानकारी दिएका हुन् ।

मन्त्री भट्टराईले जोखिम नियन्त्रणका लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल तथा चीनसँगका सीमानाकामा स्वास्थ्यकक्ष सञ्चालन गरिएको जानकारी समेत दिएका छन् ।

सञ्चारमाध्यममा कोरोना भाइरसबारे नेपालका सन्दर्भमा आइरहेका विभिन्न समाग्रीले व्यवसायमा एक प्रकारका त्रास उत्पन्न गराएको भन्दै सम्बन्धित विषयमा संवेदनशील भएर सन्देश प्रकाशन प्रसारण गर्न पनि पर्यटनमन्त्रीले आम सञ्चारमाध्यमलाई अनुरोध समेत गरेका छन् ।

यस्तै अहिले स्वास्थ्यमन्त्रीको अध्यक्षतामा अन्तरमन्त्रालयका प्रतिनिधि रहने उच्चस्तरीय समिति र स्वास्थ्य सचिवको अध्यक्षमा उपसमिति गठन गरिएको मन्त्रालयले जनाएको छ ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेबसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

# सपाको "बिसु" अभियानका लागि सप्तरी कार्य योजना तयार



**राजविराज**/समाजवादी पार्टीले संगठन बिस्तार तथा सुदृढिकरणका लागि तीने महिने "बिसु" अभियान मुलुकभर सुरु गरेको छ । यस अभियानका लागि शनिबार सप्तरीको कार्य योजना बनाइएको छ ।

पार्टीका केन्द्रिय सदस्य तथा अभियानका सप्तरी संयोजक समेत रहेका प्रदेश २ का भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहको अध्यक्षतमा शनिबार राजविराजमा केन्द्रिय

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**

राजविराज ९, मलेठ, सप्तरी

मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### जलश्रोतलाई सदुपयोग गरौं

जलश्रोतमा धनी देश मध्ये नेपालमा अहिले बिस्तारै जलश्रोतलाई उपयोग गर्नेतर्फ केन्द्रित भएको देखिन्छ । विभिन्न आयोजना परियोजना मार्फत गरेर पानीको श्रोतलाई बिजुलीमा परिणत गर्न लागिपरेको छ । जलश्रोतमा ब्राजिलपछिको दोश्रो ठूलो देश नेपाल हो ।

अहिले केही वर्षयता बिद्युत उत्पादनमा मुलुकले देखाएको अग्रसरतालाई सह्रानिय भन्न सकिन्छ । आफ्नो देशमा बिद्युत उत्पादनको प्रचुर सम्भावनाहरु रहेपनि यसप्रति विगतमा सरकारले ध्यान नदिंदा विद्युतका लागि भारत समक्ष हात फैलाउनु परेको थियो । यता मेचीदेखि महाकालीसम्मका तराई हरेक जिल्लामा भारत मार्फत बिद्युत सफलाई हुँदै आएको छ । यता आफ्नो देशमा बिद्युत कटौति गर्ने र सप्लाई गर्ने प्रविधि नहुँदा बिना तालिकाको पनि बिद्युत कटौतिको मार जनतालाई खेप्नुपरिरहेको छ । नेपालले आफै जलबिद्युत उत्पादन गर्न सकिए कसैसामु हात नफैलाएर उल्टै ती मुलुकबाट विद्युत विक्रि गरे आम्दानी गर्न सकिन्छ ।

आफ्नै देशमा बिद्युत सम्बन्धी हरेक उपकरण भए बिग्रेको समयमा चाँडै मर्मत गर्न पनि सजिलो हुन्छ । अन्य देशका लागि रकम पनि बाहिरिदैन्थ्यो । जनताले पनि सर्वसुलभ र सस्तो दरमा बिद्युतको उपभोग गर्न पाउने सपनालाई सरकारले चालेको कदम कतिको उपयोगिता हुने हो भन्ने कुरा समयले देखाउने छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नेपाली कूटनीति सिद्धान्तबाट विचलित



**मनोज कुमार कर्ण**

भारतको आन्तरिक राजनीतिमा नेपालका केही वामपन्थि रूझानयुक्त सरकारी र मिडिया ‘हस्तक्षेप’ पाईएकोले कूटनीतिक प्रश्नहरू तेर्सिएका छन् । जस्तै, भारत सरकारले नागरिकता संशोधन कानुन ( सिटिजन एमेन्ड्मेन्ट ऐक्ट, सिएए) हाल त्यहाँको लोक र राज्य दुईटै सभाबाट पारित गरेको छ भने राष्ट्रिय नागरिक पञ्जिकरण ( नेशनल रेजिडेन्ट् रजिष्ट्रेशन सर्टिफिकेट, एन्आरसी) कानून महिनौं अघि असमबाट लागू गरिसकेको छ । नेपालका प्रमुख दैनिक तथा साप्ताहिक मिडियामा फ्रन्टपेज मै लामो समाचार, टिप्पणी, एमनेस्टी इन्टरनेसनलको नाउंमा काठमाडौंमा विरोध प्रदर्शनका फोटाहरू बनिसके भने गत पौष ४ गते शुक्रबार करिब राति ९:४५ बजे नेपालका सम्मानिय प्रधानमन्त्रीको ट्वीट्टरबाट सिएए तथा एनआरसीको विरोधमा सोहि साँझ युपीए चेअरपर्सन तथा कंग्रेस आई अध्यक्ष सोनिया गांधीले विडियोमार्फत् विरोध जनाउने संदेशलाई रिट्वीट्ट गरेको भन्ने कुरो भारतका मीडीयामा आए भने गत पौष ७ गते सोमबार एउटा जिम्मेवार दैनिकमा भारतीय राजदूतसंग पत्रकारले भारतको धर्मराउंदो अर्थव्यवस्था र अन्य आन्तरीक मामिलामा प्रश्न गर्दा महामहिमले ‘नेपालको चासो किन ?’ भनेर अप्रत्यक्ष औंला नै ठड्याउनु परेको छ !

प्रमको फोनबाट रिट्वीट्ट नेपालमा कस्ले विना अनुमति गरे भन्ने पत्ता लगाउन नेपाल प्रहरीको आईटी सेललाई जिम्मा दिईएको भनिएको छ । कसलाई के सजाय होला वा, नेपाल हो, कसरी जनता र छिमेकी देशलाई बेवकूफ बनाउन जालो बुनिएला ? त्यो अर्को पाटो हो तर जनताले नामसहित जानी सके कि नेपाली प्रमको फोनको पासवर्ड जम्मा चार जनासंग छ । अनि आजसम्म नेपाली जनतालाई सरकारी तवरले नै जसरी मन्त्रीहरू झुक्याउंदै दिनहुं नयाँ-नयाँ निर्णय कथित् दुई-तिहाई बहुमतको आडमा गर्दैछन्, त्यो अन्य देशसंगको मामिलामा चल्ने छैन । अर्थात्, यसमा प्रत्यक्ष संलग्न पक्षले, सबै नेपालीको ठेक्का नलिईकन, केवल कम्युनिस्ट सरकार प्रमुख र निजको नेकपाले यो जानीजानी गरिएको कूटनीतिक गल्तिको जिम्मा लिनैपर्छ, उम्कन पाईंदैन । एउटा दलको व्यक्तिले गरेको गल्ति र पछि जिम्मा नलिई लुक्ने तथा अरूलाई उल्टै उल्लू बनाउने कम्युनिस्टका आपराधिक चालको क्षति भर्पाई अन्य दल तथा मधेशी जनताले गर्न सक्दैनन् । कम्तिमा दुईटा कुरा यहाँ उल्लेख गर्नैपर्छ । पहिलो, देशमा साईबर कानून यो ओली सरकार स्वयंले ल्याईसकेपछि र आमपब्लिक तथा मिडिया हाउसहरूलाई धम्क्याउन भ्याईसकेकोले अब स्वयंको कार्यालयबाट यस्तो गल्ति बाहिर आएकोले सबैले देख्ने-बुझ्ने गरि दण्डित गरियोस् (चाहे त्यो व्यक्तिको रूपमा स्वयं केपी ओली नै किन न होउन् ? यदि प्रमको रूपमा गरेका भए आधिकारिक धारणा कम्युनिस्ट सरकार र नेकपाको भारतीय सरकार र बीजेपीप्रति तत्काल सार्वजनीक गरून् !) । र, लोकतन्त्रमा पावर एक्ससाईज जिम्मेवारीसहित हुन्छ र कानून सबैको लागि बराबर हुन्छ भन्ने कुरो सावित गर्न आमपब्लिकका तर्फबाट चुनौतीको रूपमा यसलाई लेओस् । दोस्रो, नेपालको संविधान २०७२ घोषणा गरिने बेलामा भारत सरकारको तर्फबाट विदेश सचिव एस. जयशंकर विशेष दूतको रूपमा संविधानलाई सर्वस्विकार्य बनाउन केही दिन पर्खेरभएपनि मधेशीलाई अपनत्व लिन दिएर धर्मको विषयमा राम्ररी सोचविचार गरेर पारित गरियोस् भन्दा नेपालका यिनै केपी ओलीलगायतका अन्य नेताहरूले ‘नेपालको आन्तरीक मामिलामा हस्तक्षेप’ देख्नेहरूले आज स्वयंको ट्वीट्टर ह्याण्डलबाट र नेपालका प्रमुख दैनिक पत्रिकाहरूमा त्यहाँका सिएए र एनआरसी कानूनबारे समाचारको विषय बनाउंदा त्यो ‘भारतीय आन्तरीक मामिलामा हस्तक्षेप हुने कि नहुने’ ? कि भारतको विरोध गरेर चीनलाई बलियो बनाउंदा नेपाली २४ क्यारेटको विशुद्ध राष्ट्रियता ठहरिनेछ ? नेपाल जत्रो देशले भारतलाई यसरी कूटनीतिक ठक्कर दिनुमा चीनबाहेक कस्ले हिम्मत र सहयोग गऱ्यो ? आजको जमानामा गैरजिम्मेवारपूर्ण ‘मोही माग्ने तर ढुङ्ग्रो लुकाउने पहाडी वामपन्थी राष्ट्रियता’ चल्दैन ! नेपालमा भ्रम भारतका सिएए तथा एनआरसी कानुनाबारे एउटा साजिश अन्तर्गत नै भारतीय सरकारलाई अप्ठ्यारो पार्न घेर्न रणनीति बनाइएको जस्तो यो स्तम्भकारलाई लागेकोले थोरैमात्र यसबारे चर्चा यहाँ गर्न चाहन्छ ।

एनआरसी सर्टिफिकेट खासगरि आफू भारतीय नागरिक रहेको नाम र सो सम्बन्धि सूचनाहरू संलग्न कागजात सरकारको घरमा एकप्रति रहेको अद्यावधिक गरिने कार्य हो । सन् १९४७ मा भारत-पाकिस्तान विभाजनका बेला पूर्वी पाकिस्तान अर्थात्, बंगलादेशी धेरै नागरिकले भारतको असममा गएर बसे भने सन् १९७१ को युद्धमा झन थप करिब १० लाख बंगलादेशी असममा बसे र त्यहाँका स्थानीयको चीयाबगानको रोजगारलगायत संस्कृति आदि माथि प्रत्यक्ष असर पऱ्यो । सन् १९५१ मै एनआरसीको आधार त्यहाँका आन्दोलनरत्त अल असम स्टुडेन्ट युनियन (आसु) र अल असम गण संग्राम परिषद्ले केन्द्र सरकारसंग तयार गरेपनि सन् १९७१ मा झन थपियो र, तत्कालीन प्रधानमन्त्री राजीव गान्धिले १५ अगस्त सन् १९८५ मा असम सम्झौता गरे जस अनुसार २५ मार्च सन् १९७१ पछि असममा बस्दै आएका गैरभारतीयलाई विदेशी मान्ने र फर्काउने, सन् १९५१ देखी १९६१ बीच आएकालाई नागरिकता र मताधिकार दुवै दिने, १९६१ र १९७१ बीच आएकालाई नागरिकता मात्र दिने तथा सन् १९६६ देखि १९७१ बीच भारत आएकालाई मतदाता सूचीबाट नाम हटाउने सहमति गरे । अर्थात्, सन् २०१९ मा आएर बीजेपीको मोदी सरकारले कंग्रेसकै प्रम राजीव गान्धिले गर्नुभएको सहमति लागूगर्दा हाल भारतमा विपक्षमा रहेका केवल सोनिया गान्धि नेतृत्वको कंग्रेस आई नभई बीजेपी तथा मोदी-शाह-योगीको त्रासले राजनीतिमा हायलकायल भएका त्रीनमूल कंग्रेसकी ममता बनर्जी, आरजेडीका लालू यादब, समाजवादी पार्टीका अखिलेश यादब, सबै त्यहाँका भोटमा बढारिएर सोत्तर पारिएका कम्युनिष्टहरूलगायत बाटामा ओर्लेका छन्, न्यूनत्तम राजनीतिको शर्त मोरालिटि समेत बिर्सेर किनकि यो सम्झौता उनीहरूकै हो जसलाई लागूमात्र हाल गर्न खोजिएको छ । यसलाई लागू गर्नैपर्ने जरूरी भारतमा पाकिस्तान वा बंगलादेश वा नेपाललगायत खुला सिमाना जोडिएका देशबाट ती देशका नागरिकहरू पहिचान लुकाई भारतमा पसेर भारत, भारतीय सुरक्षा तथा भारतीय नागरिकविरूद्ध गरिने आतंकी हमलाहरू छन् । ती अवैध ठहरिएका नागरिकहरू आजसम्मपनि मतदाता सूचीबाट नाम हटाएका छैनन् भने बीजेपीको अध्ययनमा गैर नागरिकको भोटबाट विपक्षहरू त्यहाँ केवल भोटब्यांकको राजनीतिमा लागेर आजसम्म राज्य र केन्द्रमा सरकार बनाउंदै धर्मनिरपेक्षता तथा अधिकार दिने नाउंमा भारतविरूद्ध नै निर्णयहरू समेत गर्न पछि परेका छैनन् ! यसलाई कानूनी मान्यता दिई केहि महिना अघिदेखि नै असम राज्यबाट लागू गरिएको छ जसमा जेन्यून नागरिकको नाम छुटेकालाई आवश्यक कागजात बुझाउने म्याद दिईएको थियो जसमा विपक्षले नसघाउने रे अर्थात्, बीजेपी सरकारको दाबी अनुसार विपक्षीले देशको सुरक्षामा सम्झौता गरेको पोल खुल्छ भने हाल बाटामा महिनौं लागू गरिएको एनआरसीलाई सरकारले भर्खर केहि दिन अघि ल्याएको सिएएसंग जोडेर एकैसाथ जनतामा भ्रम छर्न कोशिस गर्दैछन् भने गत पौष ७ गते सोमबारदेखि कंग्रेस आईले दिल्लीको राजघाटस्थित महात्मा गान्धिको समाधिस्थलबाट यी कानूनहरू फिर्ता नहुन्जेल ‘सत्याग्रह’ गर्ने झल्को संविधानको प्रस्तावना पढ्दै तर आफ्नै प्रम स्व. गान्धिका कार्यबारे नबोल्दै जनतामा भ्रम छर्दै गरिरहेका छन् ।

सिएए कानूनपनि अटल विहारी वाजपेयी प्रम रहेका बेला कंग्रेसबाट धेरैपटक मन्त्री र प्रम भईसकेका मनमोहन सिंहले राज्यसभामा स्वयं बंगलादेशबाट मुस्लिम बाहुल्य जनताबाट प्रताडितभएर भारत पसेकालाई नागरिकता दिनुपर्छ भनी सो बेला बीजेपी हिन्दूहरूको पार्टी हो भन्नेलाई चिर्दै ‘हिन्दू भोटमा हक लगाउंदै माग’ गरेका विडियो हेर्न पाईन्छ भने भारतका टिभिहरूमै पनि डिस्प्ले गरिसकियो ! अर्थात्, स्वयंले माग गरेकोमा पनि आज सिएए पाकिस्तान, अफगानिस्तान र बंगलादेशबाट प्रताडितभएर ३१ दिसेम्बर सन् २०१४ भित्र भारतमा शरण लिन आएका हिन्दू, फारसी, जैन, शिख, बौद्ध र ईसाईलाई मानवीयताको आधारमा नागरिकता दिईने छ भनी प्रचण्ड बहुमतले लोक र राज्यसभाबाट मोदी सरकारले पारित गरेको छ । यसमा मुस्लिमलाई शरणार्थी नमानिने तर्क गृहमन्त्री अमित शाहले संसदमा दिए किनकि ती मुस्लिम बाहुल्य देशहरूमा धर्मको नाममा को अर्को मुस्लिमले र किन प्रताडित गर्नेछन् ? तसर्थ, ती देशका सन् १९४७ देखि आजसम्म सो बेलाका ठूलो हिन्दू जनसंख्या आज झण्डै सकिसकेको अवस्थाले पनि गैरमुस्लिमहरूमात्र प्रताडितभएको भारतीय सरकारको निश्कर्ष छ जबकि भारतका विपक्षका भोट ब्यांक हिन्दूमा त त्यतिकै बिजेपी र एनडिए भैहाल्यो भने मुस्लिम वोटरपनि आपसमै धेरै पार्टीमा विभाजितरहेका र मुस्लिमलाई बीजेपी सरकारले वैधानिक डाटा, बहुमत आदिले कानून नै बनाएर भारतमा नागरिकता नदिने बताएकाले बिगतमा आजका कंग्रेस नेतृत्वको युपीए विपक्षले धर्मनिरपेक्षताको नाममा हिन्दूत्व र भारतको नक्सा नै मेट्न भारतका दुश्मन देशहरूसंग हाथ मिलाएको भनी छर्लङ्गभएको बीजेपीको तर्क छ । आज विपक्षीले वास्तवमा बीजेपी सरकारलाई केवल हिन्दूको पक्षलिएको भन्न मिल्दैन किनकि धेरै धर्मावलम्बी प्रताडितलाई सिएए अन्तर्गत नागरिकता दिने पारित गरेको छ अर्थात्, भारतमा धर्मनिरपेक्षताको ठेकेदार त्यहाँका विपक्षी कंग्रेस र वामपन्थिहरूमात्र होइनन् र उनीहरू देशभक्तपनि रहेको देखिंदैनन् । त्यसैले राजनीति नै समाप्त हुनलागेकोले जीवन-मरणको सवाल बनाएर उनीहरू ‘सत्याग्रह’मा उत्रेका छन् जबकि सत्य के हो भने उनीहरू आजाद भारतको ७० सालसम्म गरिब, किसान कसैको पनि सेवा नगरेर केवल नेताहरू आ-आफ्ना र परिवारका भ्रष्टाचारमार्फत् सेवा गरेका छन् जसकारणले लालु यादब, ओमप्रकाश चौटाला, कंग्रेसका पूर्वअर्थ र गृहमन्त्री पी. चिदम्बरम् लगायत धेरैहरू प्रवर्द्धन निर्देशनालय (ईडी)लगायतका भ्रष्टाचार नियन्त्रण निकायको राडारमा अदालत र थुनुवा कक्ष धाउंदै छन् !

अन्त्यमा, भारतले जे जति कारणले माथिका दुई कानूनहरू ल्याए त्यसमा नेपालबाट भारतविरोधी ताकत भारत पस्ने गरेको र गैरस्थानीय वा भनौं अपरिचित मुसलमानको संख्या नेपालको बोर्डर, उत्तरप्रदेश, विहार, बंगालमा बढीरहेको हो भनी त्यहाँका आम विद्यार्थीले समेत टिभि शोहरूमा हाकाहाकी बोलिरहेका छन् । नेपालका चीन

बाँकी पाँच पृष्ठमा

# पूर्ण सरसफाइको पहिलो चरणमा गर्नुपर्ने क्रियाकलापहरु




देशमा जसरी खुला दिसामुक्त घोषणा अभियान सञ्चालन गर्दा देश नै सरसफाइमय भएको थियो, अहिले त्यो अवस्था छैन। खुला दिसामुक्त घोषणा भईसकेपछि पूर्ण सरसफाइ सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नुपर्ने भएपनि अहिले त्यो भईरहेको छैन। जिल्लाका एक दुई वटा गाउँपालिकाको वडा वा टोलमा मात्र पूर्ण सरसफाइ अभियान सीमित भईरहेको छ। एकैपटक पूर्ण सरसफाइको अवस्था हासिल गर्न असम्भव छ। त्यसैले पूर्ण सरसफाइ अभियानलाई दुई चरणमा विभाजन गरी कार्यान्वयन गरिनेछ।

पहिलो चरण सफा र स्वच्छ चरण हो भने दोस्रो पूर्ण सरसफाइ उन्मुख चरण हो। यी दुबै चरणका क्रियाकलापहरु सञ्चालन भई आवश्यक सूचकहरु पुरा भएको अवस्थामा उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र भनिनेछ।

पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार कुनै पनि क्षेत्र (गा.पा.रन.पा.रजिल्लारप्रदेश) मा पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गर्दा सरोकारवालाहरुको बीचमा छलफल र स्थानीय आवश्यकतामा आधारित खानेपानी, सरससफाइ र स्वच्छताका क्रियाकलापहरु समावेश गरी आ आफ्नो क्षेत्रको खानेपानी, सरससफाइ र स्वच्छता योजना (WASH Plan) तर्जुमा गरिने छ।

कुनै पनि क्षेत्रमा ध्ब्क्ज एबिल को एउटा मुख्य अंगका रुपमा पूर्ण सरसफाइ कार्यक्रम हुनेछ। तर ध्ब्क्ज एबिल ले उक्त कार्यक्रमका अतिरिक्त खानेपानी र स्वच्छताका व्यापक क्रियाकलापहरु पनि समेट्नेछ। पूर्ण सरसफाइ कार्यक्रम संचालन गर्नु अघि नै उक्त क्षेत्रमा आधारभूत स्तरको खानेपानीको पहुँच भएको हुनु पर्नेछ। यसरी तयार गरिने ध्ब्क्ज एबिल को एउटा मुख्य उद्देश्य सम्बन्धित क्षेत्रलाई एउटा निश्चित समय सीमाभित्र पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा स्थापित गर्ने हुनेछ।

**सफा तथा स्वच्छ क्षेत्र घोषणा गर्नु अघि सन्चालन गर्नुपर्ने क्रियाकलापहरु**

– खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका नयाँ सरोकालावालाहरुको समेत पहिचान एवं समावेश गरी केन्द्रदेखि स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु आवश्यकता अनुसार गठन, पुर्नगठन गरी सक्रिय गरिनेछ।

– समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकन एवं त्यस पछि संचालन गरिने क्रियाकलापहरुलाई सहयोग गर्न ५ सदस्यीय कार्यदल (जिल्ला, न.पा. र गा.पा. समन्वय समिति) गठन गरिने छ।

– खानेपानी,सरसफाइ र स्वच्छता सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रका समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सक्रियतामा गा.पा. वा न.पा. र जिल्ला खानेपानी, सरसफाइ र स्वच्छता योजना ध्ब्क्ज एबिल तर्जुमा गरिने छ।

– केन्द्रदेखि स्थानीय तहमा खानेपानी, सरसफाइ, स्वच्छता सम्बन्धी मानव संसाधन विकासका लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरु आयोजना गरिने छ।

– खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरुः चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहँच तथा प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा र स्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन, वातावरणीय सरसफाइ आदिका विषयमा आम संचारको प्रयोग, सप्ताह, महोत्सव, सम्मेलन आयोजना तथा घर दैलो कार्यक्रम आदि मार्फत जनचेतनामूलक क्रियाकलाप संचालन गरिने छ।

– खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको व्यापक प्रचार प्रसार गर्नका लागि स्थानीय परिवेश र भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार सामग्रीहरुको विकास र वितरण गरिने छ।

– खानेपानी, सरसफाइ तथा स्वच्छता सामाग्रीहरुको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गर्न निजी क्षेत्रसँग सहकार्य गरीनेछ।

– सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ।

– आवश्यकता अनुसार सबै सार्वजनिक (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थल लगायत) तथा सस्थागत शौचालयहरु प्रयोगकर्ता-मैत्री (वातावरण, बाल, लैगिंक, अपाङ्गता र वृद्ध-मैत्री) बनाइने छन्। घरधुरी, स्थानीय संघसंस्था क्लव, समूह, समिति आदि मार्फत घरायसी चर्पी, संस्थागत तथा सार्वजनिक शौचालयहरुको नियमित मर्मतसंभार र स्तरोन्नती गरी स्वच्छता कायम गरिने छ।

– बालबालिकाको दिसालाई सुरक्षित विर्सजन गरिनेछ।

– व्यक्तिगत स्वच्छता एवं साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर, संस्थागत निकाय, सार्वजनिक शौचालय, होटेल, क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थानको निर्माण सम्बन्धित जिम्मेवार पक्षले गर्नुपर्नेछ।

– समुदाय परिचालन, आम संचार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरु मार्फत घरघर, टोलटोल र संस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता प्रवर्द्धन सम्बन्धी ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ।

– महिलाहरुको मासिकधर्मलाई प्राकृतिक प्रकृयाका रुपमा लिदैं यसको स्वच्छता र व्यवस्थापनको लागि घरायसी, विद्यालय तथा संस्थागत निकायमा मासिकधर्म स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिने छ। समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरुमा स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिने छ।

– सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा (खानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी) आधारभूत स्तरको खानेपानीको पहुँच सुनिश्चित गरिने छ।

– सुरक्षित खानेपानीमा सबैको पहुँच (अपाङ्ग समेतको) सुनिश्चितताका लागि खानेपानी आयोजना र यसका स्रोतहरु (मुहान, इनार, ह्याण्ड पम्प, कुवा), वर्षातको पानी संकलन ट्यांकी आदिको संरक्षण गरी सरसफाइ र स्वच्छता विभिन्न वैज्ञानिक उपायहरु अबलम्बन गरी कायम गरिनेछ।

– घरायसी, संस्थागत तथा सार्वजनिक स्थानहरुमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान, सीप, अभ्यास सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ। निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, सस्थागत, सामुदायिक स्तरमा पानी प्रशोधन, शुद्धीकरण सम्बन्धी सामग्रीहरुको बजारीकरण गरी कुनै विधि (फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य)को छनौट गर्ने अवसर उपलब्ध गराइने छ।

– समुदाय परिचालन र आम संचार क्षेत्रद्धारा घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तै खाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खाएमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने, फलफूल तथा काचैं खाने खाद्यन्न राम्ररी धोएर सफा गरी खाने आदि बानी व्यवहारको विकास गरिनेछ।

– सम्बन्धित सरकारी, गैर सरकारी संस्था, उपभोक्ता सस्था, नागरिक समाज आदिको संयुक्त टोलीमार्फत संस्था, विद्यालय, होटल, रेस्टुरा, क्यान्टिन, होस्टेल आदिमा प्रयोग हुने खाना, खाना पकाउने तथा खाने भाँडाको सफाइ र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिने छ।

– घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका, सामुदायिक परिचालक एवं पूर्ण सरसफाइ प्रज्वलकहरु मार्फत घरायसी सरसफाइको महत्व, घर तथा संस्थाभित्र बाहिर सरसफाइ, भान्सा तथा गोठको सरसफाइ पशुपंक्षीको व्यवस्थापन, ठोस फोहोर संकलन, वर्गीकरण, त्यसको पुनर्प्रयोग जस्ता कार्यहरु गर्न प्रोत्साहित गरिने छ।

– घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोग सम्बन्धी ज्ञान, सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखीकरण र प्रचारप्रसार गरिने छ।

– निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी, सामुदायिक तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुने प्रविधिको सिफारिस गर्नुका साथै आवश्यकता अनुसार निर्माण, व्यवस्थापन र संचालन गरिने छ।

– घर, संस्था, कार्यालय, सामुदाय, सार्वजनिक स्थान आदिमा रहेको शौचालयको खाल्डोरसेप्टीक ट्याङ्की भरिएपछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा विसर्जन गर्न स्थानीय स्तरमा संचालन गर्न सकिने प्रविधिको बजारीकरण गरी प्रयोग र संचालनमा ल्याइने छ।

– स्थानीय तथा समुदायिक समूह, क्लव, समिति आदिद्धारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति, गाँउ, नगर, टोल, बाटोघाटो, चौतारा, पाटीपौवा आदिको सरसफाइ गरी सामुदायिक स्वच्छता प्रवर्द्धनमा सघाउ पु(याइने छ।

– नगरोन्मुख एवं नगर क्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन, बर्गीकरण, ढुवानी, प्रशोधन, पुनःप्रयोग र अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्न पहल गरिने छ।

– अस्पताल, उद्योगधन्दा तथा कलकारखानाबाट निस्कने ठोस तथा तरल फोहोर सोहि हाताभित्र सुरक्षित स्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनका लागि हाताबाहिर निस्कासन गर्न दिइने छ।

– नगर एवं नगरोन्मुख क्षेत्रका घरायसी, सस्थागत, सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थित ढल प्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिने छ।

नगर र नगरोन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरुलाई नै गर्न लगाइने छ।

यी क्रियाकलापहरु सम्पन्न भए पश्चात सम्बन्धित समन्वय समितिहरुबाट सूचकहरु पुरा भए नभएको अवस्था जान्नको लागि स्वअनुगमन गर्नुपर्ने छ। सफा र स्वच्छ क्षेत्रका लागि आवश्यक सूचकहरु हासिल भएको अवस्थामा सम्बन्धित समन्वय समितिले आफ्नो क्षेत्रलाई आफैले सफा र स्वच्छ क्षेत्र घोषणा गर्नेछ।

आफ्नो क्षेत्रलाई सफा र स्वच्छ घोषणा गरिसकेपछि सम्बन्धित समन्वय समितिले एक तह माथिको समन्वय समितिलाई प्रमाणीकरणको लागि अनुगमन गर्न अनुरोध गर्न सक्ने छ।

यसरी विधिवत रुपमा अनुरोध प्राप्त भए पश्चात माथिल्लो समन्वय समितिले सफा र स्वच्छ क्षेत्रका सूचकहरु पुरा भए नभएको अनुगमन गर्नेछ। उक्त समितिलाई सबै सूचकहरु पुरा भएमा सम्बन्धित क्षेत्र (वडा, गा.पा, न.पा र जिल्ला) लाई सफा र स्वच्छ क्षेत्र भनी प्रमाणीकरण गरी प्रमाण-पत्र उपलब्ध गराउनेछ। *साभार स्पूर्ण सरसफाइ मार्गदर्शन २०७३ बाट*

# काँग्रेसका पुराना नेता बिराजीको निधन



**राजविराज** / लामो समयदेखी उच्च रक्तचापले पीडित नेपाली काँग्रेसका पुराना नेता सरोज बिराजीको ६५ वर्षको उमेरमा बुधबार निधन भएको छ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी उनी पटक पटक महाधिवेशन प्रतिनिधि हुँदै हाल जिल्ला कार्यसमितिका सदस्य थिए।

बि.स. २०३६ सालदेखी नै सक्रिय राजनीतिमा रहेका उनी पंचायतकालमा पटक पटक गरि एक दर्जन भन्दा बढी पल्ट जेल जिवन समेत भोगेका थिए।

यता काँग्रेसको चारतारे झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिँदै बुधबारै अन्त्येष्टि गरिएको नेपाली काँग्रेस सप्तरीका जिल्ला सभापति दिनेश कुमार यादवले जानकारी दिएका छन्।

यस्तै काँग्रेस सप्तरीको बसेको आकस्मिक बैठकले बिराजीको निधनले काँग्रेसमा एउटा इतिहास गुमेको र अपूर्णिय क्षति भएको भन्दै तीन दिनसम्म चारतारे झण्डा झुकाउने निर्णय गरेको छ।

# बाल क्रिकेटर गोलुलाई खेल सामाग्रि प्रदान



**राजविराज**/सबल नेपाल नामक एक गैरसरकारी संस्थाले क्रिकेटका खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले एक ११ बर्षिय बाल क्रिकेटर गोलु सिंहलाई खेल सामाग्री प्रदान गरेको छ।

सबल नेपालले मुख्य कार्यालय राजबिराजमा आयोजित एक कार्यक्रमबीच बाल क्रिकेटर गोलु सिंहलाई एक थान ब्याट, एक जोड क स्याड, एक जोड ब्याटिंग ग्लब्स, एक थान हेल्मेट, एक थान बल र एक थान गाड प्रदान गरिएको संस्थाका निर्देशक दिपक झाले जानकारी दिएका छन्।

हालै राजबिराजमा सम्पन्न अन्तर विद्यालय क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गरे वापत उनलाई खेल सामाग्रिहरु प्रदान गरिएको तथा परिवारिक अवस्था समेत न्युन भएकोले हौसला प्रदान गर्न खेल सामाग्री बितरण गरिएको सबल नेपालका अध्यक्ष जुना गिरीले बताइन्।

यता सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठले बाल क्रिकेटर सिंहको आर्थिक अवस्थामा समेत कमजोर रहेकोले सबैले सक्दो सहयोग गर्नु पर्ने जिकिर गरे। सोही कार्यक्रममा पिसि कम्प्युटर राजबिराजका प्रोपराईटर धर्मेन्द्र यादवले समेत एक थान जर्सि सेट प्रदान गरेका छन्।

बाल क्रिकेटर सिंह राजबिराजस्थित केशो अनिरुद्धबत्ति माध्यमिक बिद्यालयमा कक्षा ४ मा अध्यनरत छन। उनका बाबु छैनन् भने आमा एक निजि बिद्यालयमा कार्यालय सहयोगीको रुपमा कार्यरत छिन।

# जन्मिने बित्तिकै प्रदेश २ की छोरीहरु "तीन लखिया"

**राजविराज**/प्रदेश २ सरकारले बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत छोरी शिक्षा विमाको रकममा बढोत्तरी गरेको छ।

छोरीको शिक्षा विमाका लागि प्रदेश सरकारले एक लाखको विमा गर्दै आएकोमा अबदेखी तीन लाखको विमा गरिने भएको छ।

प्रदेश सरकारले २०७५ माघ १ देखी जन्मेकी छोरीहरुको १ लाखको शिक्षा विमा गर्दै आएको छ भने सो विमा प्रदेश २ को आठै जिल्लाका विभिन्न स्थानिय तहमार्फत भइरहेको छ।

सोही बारे जानकारी दिने उद्देश्यले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि मुख्यमन्त्री लालबाबु राउतले विमा गरिसकिएका छोरीहरु समेतले बृद्धि भएको सुविधा पाउने जानकारी दिएका छन्। उनले भने, "जन्मिने बित्तिकै छोरीहरु तीन लखिया हुनेछन्।"

उनले अभियानलाई स्थानीय सरकारले सहयोग गरे हालको रकमलाई २० वर्षमा २० लाख पुऱ्याउने लक्ष्य लिएको बताए। छोरी शिक्षा विमा अन्तर्गत हालसम्म करिब १५ हजार छोरीहरुको विमा प्रदेश सरकारले गरिसकेको छ।

# प्रदेश २ मा सडक दुर्घटनामा २ सय ४१ को मृत्यु

**राजविराज**/पछिल्लो ६ महिनाको अवधीमा प्रदेश २ मा सडक दुर्घटनामा परी २ सय ४१ जनाको मृत्यु भएको छ।

चालु आ.व. साउनदेखि पुस महिनाभित्र बिभिन्न जिल्लामा भएको ५ सय २७ सवारी दुर्घटनामा परेर २ सय ४१ जनाको मृत्यु भएको प्रदेश २ का ट्राफिक प्रहरी प्रमुख एसपी श्यामकुमार महतोले जानकारी दिएका छन्।

दुर्घटनाहरुमा सबभन्दा बढी ट्रक, ट्र्याक्टर र मोटरसाइकल रहेको बताउँदै एसपी महतोले ती दुर्घटनाहरुमा सात सय ८८ जना गम्भिर घाईते भएको जानकारी दिए।

तीब्र गतिमा चलाउने मोटरसाईकल चालकले हेल्मेट प्रयोग नगर्ने, ट्रक र ट्र्याक्टर पनि तीव्रगतिका कारण अत्यधिक दुर्घटना हुने र दुर्घटनामा परेर मृत्यु हुने तथा गम्भिर प्रकृतिको घाइते हुनेगरेकोमा दुई सय ५४ चालकको लापरवाही, दुई सय दुई तिब्रगती, १६ ओभरलोड, १२ मापसे, आठ यात्रुको गल्ती, १६ सडक गडबडी, १० सडकको अवस्था, चार मौसमको कारण र एक चौपायाको कारण सो दुर्घटना भएको हो।

त्यस्तै मानवीय कारणमा ट्याक्टरको पछाडी नम्बर प्लेट नहुनु, हाल दिनभरी हस्सु लाग्नु, लागुपदार्थ सेवन, सवारी अनुमतिपत्र नहुनु, जनचेतनाको अभाव पनि दुर्घटनाको अर्को कारण रहेको एसपी महतो बताउँछन्।

# तीन चोर पक्राउ



**राजविराज**/राजविराज नगरपालिका भित्र केही दिनदेखी चोरी गर्दै हिड्ने तीन चोरलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका वडा नं. ६ निवासी २१ वर्षिय अफताब अनसारी, २० वर्षिय नविनकुमार दास र २२ वर्षिय अजेल अन्सारी रहेका छन्।

राजविराज नगरपालिका ६ बस्ने विद्या साहको घरबाट चोरी गरिएका नगद ४ हजार र सुनका गहना तथा राजविराज ८ निवासी राजेश साहको चोरी भएको मोबाइल समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घरमा कोही नभएको बेला उनीहरुले विद्या साहको घरको ढोका फुटाएर नगद र सुनका गहना चोरेर लगेका थिए भने राजेश साहको पनि महँगो मोबाइल उनीहरुले नै चोरी गरेको प्रहरीले जनाएको छ।

# खाद्य स्वच्छता कायम गर्न अनुगमन तथा स्टिकर टाँस्ने कामको सुरुवात

**राजविराज**/सप्तरीका विभिन्न होटल तथा रेष्टुरेन्टहरुमा खाद्य स्वच्छता कायम गर्न अनुगमन तथ स्तरिकरण स्टिकर टाँस्ने कामको सुरुवात गरिएको छ।

भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै सो कार्यको सुरुवात गरिएको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले जानकारी दिएका छन्।

खाद्य स्वच्छता, सरसफाई, स्टोरीड, भान्साघर, फोहोर मैला व्यवस्थापन लगायतका विषयको स्थलगत अनुगमन पश्चात तत्काले स्तरीकरणको स्टिकर टाँस गर्ने र प्रमाणपत्र उपलब्ध गराउने गरिएको उनले बताए।

चार किसिमको स्तरिकरण कायम गरिएकोमा ९० भन्दा बढी अंक ल्याउने होटल र रेष्टुरेन्टलाई अति उत्तम तथा ८० देखि ९० सम्म अंक ल्याउनेलाई उत्तम श्रेणीमा राखी स्टिकर टाँसिएको छ। त्यस्तै ६५ देखि ७९ सम्म लाई सन्तोषजनक र ५० देखि ६४ सम्म अंक ल्याउने होटल रेष्टुरेन्टमा सामान्य लेखिएको स्टिकर टाँस गरिएको छ।

सोही अनुसार होटल तथा रेष्टुरेन्ट संचालकहरुले खाद्य स्वच्छता र सरसफाई व्यवहारमा लागु गरे/नगरेको जाँच गर्न र स्तरिकरणको स्टिकर टाँस गर्न टोली खटिएको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सिंहले जनाए।

## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी

## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# चिसोबाट बच्न विपन्न समुदायलाई ब्लायङकेट बितरण





**राजविराज**/सप्तरीको बिष्णुपुर गाउपालिका ५ कट्टी गाउँका बिपन्न डोम समुदायलाई जाडोबाट बच्न ब्लायङकेट बितरण गरिएको छ ।

धर्मी हल्फ महिला विकास क्लवले एक एक थान डोम समुदायमा ब्लायङकेट बितरण गरेको क्लबका अध्यक्ष एवं समाजसेवी ई. सर्य नारायण यादवले जानकारी दिएका छन् ।

सो अवसरमा बिष्णुपुर गाउपालिका वडा नं. ५ का अध्यक्ष जिबछ मण्डल तथा वडा सदस्य जितेन्द्र साह, स्थानीय राप्रावि कट्टीको प्रधानाध्यापक रामचन्द्र यादव तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष लेलहाई खंग, अशोक मण्डल लगायतको उपस्थिति रहेको थियो ।

यसअघि पनि क्लबले विभिन्न विपन्न समुदायका परिवारलाई चिसोबाट बच्नका लागि ब्लायङकेट बितरण गर्दै आएको छ ।

यसअघि राजविराज वडा नं. ९ मलेठका गरिब असहाय, विपन्न, अशक्त तथा बृद्धबृद्धालाई राष्ट्रिय सहकारी बैंक राजविराज र जन ज्योति कृषि सहकारी संस्था मलेठको संयुक्त सहयोग तथा राजविराज वडा नं. ९ को सहकार्यमा १ सय ५० गरिब असहाय, विपन्न, अशक्त तथा बृद्धबृद्धालाई कम्बल प्रदान गरिएको छ ।

त्यस्तै स्वीजरल्यान्ड सरकारको मानविय सहयोग, सामी हेल्भेटास सहकार्य र सप्तरी सामुदायिक विकास केन्द्र नेपालको चिसोबाट जोगिन सिरहा र सप्तरीमा दुई हजार आठ सय न्यानो ब्लायङकेट बितरण गरेको छ ।

संस्थालेसप्तरीको राजगढ, कंचनरुप तथा राजविराज नगरपालिकालगायत अन्य स्थानिय तहमा गरि एक हजार ३ सय तथा सिरहाको विभिन्न स्थानियहहरुमा एक हजार ५ सय ब्लयाङकेट बितरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

## *नेपाली कूटनीति ...*

वा रकममुखी राजनैतिक तथा कूटनैतिक अडान नभएका कुनैपनि दलका प्राय: कोही नेताबाट भारतको सुरक्षा मामिलामा कम्तिमा सत्ता र विपक्ष कुनैपनि संतुष्ट छैनन् जस्तै सन् २००६ मा आरोप लगाईंदै अनुसार भारतविरूद्ध चीनलाई सार्कमा सदस्या दिलाउने राजा ज्ञानेन्द्र समाप्त भए भने पछिल्लोपटक नेपालमा संविधान जारि हुँदा भारतीय विशेष दूतलाई अपमानित गरि वर्तमान बीजेपी-मोदी सरकारलाई दुःखित् तुल्याईयो ! कोहि नेपालबाट कुतर्क र विना प्रमाण भारतलाई टुक्र्याउन 'ग्रेटर नेपाल' अभियान चलाउंछ जसमा नेपालीभाषी दार्जिलिङ्ग, खर्स्याङ्गलाई बलजफ्ति आन्दोलनमा आउ र उता भारतबाट टुक्र्याउन सहयोग गर भन्छ भने कति यहाँका नागरिक र नेतामा नै भारतविरोधी तत्व नेपालबाट सउदी अरब वा भारतमै बकाईदा दूतावासमार्फत् नै पस्दापनि नबोलेर सहयोग गरेको भारतीय सञ्चारमाध्यमहरूमा नाम तोकेर प्रसारण हुन्छ । वास्तवमा नेपालले पञ्चशीलको सिद्धान्तमा रहेर आफ्नो भूमीको पूर्ण रक्षा गर्दै अन्य कुनैपनि देशको विरूद्ध लक्षित क्रियाकलाप गर्नुहुँदैन जसमा राजनैतिक नेतृत्वको शंकास्पद भूमिका बढी देखिन्छ भने मिडियाको आवरणमा भारतविरोधी केहीले प्रोटेक्ट गरेको देखिन्छ । यसर्थ, नेतृत्वको असक्षमता, राजनीतिक बेईमानी, एक छिमेकी चीनतिर बढी ढल्काव र अर्को छिमेकी भारततिर बढी द्वेषपाल्ने र देशको भविष्यको पर्वाह नै नगरिकन गैरजिम्मेवार हर्कत तथा टिप्पणीहरू गरिहाल्ने वाणी र पञ्चशीलको नेपाली कूटनीतिक सिद्धान्तबाट विचलन नै आज हाम्रो डरलाग्दो भविष्य खडाभएको छ । *(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्) (मधेश दर्पण फिचर सेवा)*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाइड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## बेलायत युरोपियन युनियनबाट बाहिरियो

**लण्डन**/करिब तीन वर्ष सात महिनाको उतारचढावपछि बेलायत युरोपियन युनियन (इयु) को सदस्यबाट बाहिर निस्किएको छ ।

युरोपियन युनियनको सदस्यबाट बेलायतबाहिर निस्किने प्रक्रियालाई बेलायतका मिडियाले ब्रेक्जिट भनेर नामकरण गरे र हाल संसारभरका मिडियाले यही शब्दको प्रयोग गरेका छन् । शनिबार बेलायत र विश्वका मिडियाले ब्रेक्जिट सफल भएको लेखेका छन् ।

यसअघि राखिएको अन्तिम समयतालिका सन् २०२० को जनवरी ३१ अर्थात् शुक्रबार बेलायत युरोयिन युनियनबाट औपचारिक रुपमा नै अलग भएको छ । स्थानीय समयानुसार शुक्रबार राति ११ बजे बेलायत युरोपियन युनियनको सदस्यबाट बाहिर निस्किएपछि अब यसको सबै औपचारिकता पूरा भएको छ ।

युरोपेली युनियनको सदस्य रहेको करिब ४७ वर्षपछि बाहिरिएबाट अब यो युनियनको परिचय पनि फेरिन पुगेको छ र बेलायत बाहेकको युरोपेली युनियनको पहिचानमा अब यो युनियन रहेको छ । बेलायतका नागरिकको जनमतका आधारमा नै बेलायतले यो निर्णय लिनपुगेको हो ।

बेलायतमा सन् २०१६ जुन २३ मा बेलायत युरोयिन युनियनबाट निस्किने विषयमा जनमतसङ्ग्रह भएको थियो । त्यस जनमत सङ्ग्रहमा बेलायती नागरिकले बेलायतलाई उक्त युनियनबाट बाहिर निस्किन जनमत दिएका थिए ।

त्यस निर्वाचनमा ५२ प्रतिशत मतदाताले ब्रेक्जिटको पक्षमा मतदान गरेका थिए । त्यस्तै बेलायत युरोपियन युनियनबाट बाहिरिन हुँदैन भन्ने पक्षमा मतदान गर्नेको सङ्ख्या ४८ प्रतिशत थियो ।

त्यस जनमत सङ्ग्रहपछि नै बेलायत इयुबाट बाहिरिने प्रक्रिया शुरु भयो तर पछि आएर भने बेलायतले विविध खाले समस्याहरु व्यहोरेको थियो किनभने यिनै समस्याहरुका कारण नै यस अवधिमा प्रधानमन्त्री नै दुईजना बन्नु परेको थियो ।

त्यस जनमतसङ्ग्रहकै कारणलगत्तै तत्कालीन प्रधानमन्त्री डेभिड क्यामरुनले प्रधानमन्त्री पदबाट राजीनामा दिनुभएको थियो । उहाँपछि प्रधानमन्त्री बनेकी थेरेसा मेले ब्रेक्जिटको एजेन्डा पूरा गर्ने भनेर लाग्नुभएको थियो तर पनि यस प्रयोजनका लागि आवश्यक पर्ने विभिन्न सर्तहरूका विषयमा उहाँले संसद्को समर्थन हासिल गर्न सक्नुभएन । जसका कारण उहाँले पनि राजीनामा दिनुपर्‍यो ।

उहाँको राजीनामापछि यो दायित्व वर्तमान प्रधानमन्त्री बोरिस जोनसनसमक्ष आएको थियो । उहाँले आफूले यो दायित्व पूरा गरेको बताउनुभएको छ ।

ब्रेक्जिट हुने समय शुरुमा सन् २०१९ को मार्च २९ को लागि नै तय गरिएको थियो तर पनि यस विषयमा विवादहरु उत्पन्न भए । इयु र पूर्वप्रधानमन्त्री थेरेसा मेबीचमा सम्झौता भएपछि त्यसलाई संसद्ले अस्वीकार गरेपछि कैयौं पटकसम्म पछि धकेलिएको थियो ।

यसै विषयमा गत डिसेम्बर महिनामा भएको निर्वाचनमा बेलायतको हाउस अफ कमन्सका ८० सदस्यको बहुमत प्राप्त भएपछि प्रधानमन्त्री जोनसनलाई ब्रेक्जिटमा जान सहज सहमति प्राप्त भएको हो । सोही प्रावधानअनुरुप गएराति बेलायत बाहिरिएको हो ।

बेलायत बहिर्गमन भए पनि शुरुमा ११ महिनाको अवधिमा व्यापार, भ्रमण र व्यवसायका लागि इयु नियमको पालना गर्ने सहमति भएको पनि प्राप्त समाचारमा जनाइएको छ ।

यी दुई पक्षबीचको भविष्य र व्यापार सम्बन्धको वार्ता एक वर्षभित्र गरिने बताइएको छ । त्यसैले यस प्रक्रियाले पूर्णता पाउनका लागि थप ११ महिनाको अवधि आवश्यक पर्नेछ । एजेन्सी

## चीनमा कोरोना भाइरसबाट २५९ को मृत्यु, ११ हजार ७९१ प्रभावित

**बेइजिङ**/विश्वव्यापी बन्दै गइरहेको कोरोना भाइरसबाट चीनमा मृत्यु हुनेहरुको सङ्ख्या शनिबारसम्ममा २५९ पुगेको छ ।

चिनियाँ स्वास्थ्य अधिकारीहरुका अनुसार कोरोना भाइरसबाट प्रभावित हुनेहरुको सङ्ख्या भने ११ हजार ७९१ पुगेको छ ।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगले दैनिक रुपमा यससम्बन्धी विवरणहरु सार्वजनिक गर्ने गरेको छ । आयोगले बिरामी भएकामध्ये एक हजार ७९५ जनाको अवस्था गम्भीर रहेको छ ।

उनीहरुका अनुसार अरू १७ हजार ९८८ जनालाई पनि कोरोना भाइरसकै सङ्क्रमण भएको आशङ्कामा परीक्षण गरिएको छ । उनीहरुको परीक्षणको नतिजा भने आइनसकेको अधिकारीहरुले जनाएका छन् ।

बिरामी भएकामध्ये कूल २४३ जनालाई उपचारपछि अस्पतालबाट फिर्ता गरिएको स्वास्थ्य आयोगले जनाएको छ । आयोगका अनुसार शुक्रबार मात्रै दुई हजार १०२ जना नयाँ सङ्क्रमित भेटिएका छन् भने पाँच हजार १९ जनालाई शङ्काको घेरामा राखेर परीक्षण भइरहेको छ । त्यसैगरी शुक्रबार मात्रै थप ४६ जनाको मृत्यु भएको छ, तीमध्ये ४५ हुवेई प्रान्तमा र एकजना चोङक्विङ नगरपालिकामा मृत्यु भएको हो ।

स्वास्थ्य अधिकारीहरुले शुक्रबार २६८ जना गम्भीर बिरामी थपिएको जानकारी दिएका छन् भने त्यही दिन ७२ जना उपचारपछि घर फर्किएका छन् । चीनको मध्य क्षेत्रमा पर्ने उहान शहरमा सबैभन्दा पहिले देखिएको कोरोना भाइरसको सङ्क्रमण अहिले संसारका दुई दर्जनभन्दा बढी देशहरुमा फैलिइसकेको छ ।

भाइरसको प्रकोप फैलिँदै गएपछि विश्वस्वास्थ्य सङ्गठनले आपत्कालीन अवस्थाको घोषणा गरेको छ भने विभिन्न देशले चीनसँगको नाकाबाट हुने आवतजावतलाई कडाइ गरेका छन् । संसारका धेरै देशले आफ्नो सिमाना पार गरेर आउने हरेक व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने गरेका छन् । एजेन्सी

# राजविराज विमानस्थलबाट बुद्ध एयरको उडान सेवा सुरु



**राजविराज**/राजविराज विमानस्थलबाट शनिबारदेखी बुद्ध एयरले साताको सातै दिन नियमित उडान सेवा सुरु गरेको छ। यसअघि सो विमानस्थलबाट श्री एयरलाइन्सले विमान सेवा सुरु गरेको थियो।

झण्डै ६ दशकदेखी राजविराज विमानस्थलबाट पटक पटक उडान सेवा सूचारु र बन्द भएपछि गत वर्ष २०७६ असार १० गतेदेखी विमान सेवा नियमित रुपमा संचालन भइरहेको छ।

उडान सेवालाई अझ प्रभावकारी र प्रतिष्पर्धी बनाउने उद्देश्यले बुद्ध एयरले पनि राजविराजमा उडान सेवा सुरु गरेको हो।

यता शनिबार पहिलो पटक बुद्ध एयर विमानस्थलमा अवतरण गरेपछि सम्पूर्ण यात्रु, विमानका चालक दलका सदस्यहरुलाई राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव तथा उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष अरुण प्रधानले माला लगाएर स्वागत गरेका थिए।

बुद्ध एयरका स्टेशन इन्चार्ज अनिल राजवंशीले ७२ सिट भएको बुद्ध एयरको विमान दैनिक उडान सेवा काठमाडौंबाट राजविराज ११ बजेर २५ मिनेटमा तथा राजविराजबाट काठमाडौंका लागी १२ बजेर २० मिनेटमा प्रस्थान गर्ने समय तालिका निर्णधारण गरिएको जानकारी दिएका छन्। सप्तरीका साथै उदयपुर, सिरहा, सुनसरी तथा सिमावर्ती भारतीय क्षेत्रका यात्रुलाई समेत लिएर विमानले उडान गर्ने लक्ष्य राखेको उनले बताए।

यसअघि श्री एयरलायइन्सले हप्ताको पाँच दिनसम्म विमान उडान गर्दै आइरहँदा ६ महिनादेखी हप्ताको तीन दिन मात्र उडान भरिरहेको छ। श्रीले कटौती गरी सोमबार, बुधबार र शुक्रबार गरी तीन दिन मात्र उडान सेवा दिदै आएको छ। त्यसमा पनि विभिन्न कारण देखाई श्रीएयरलाईन्सले पटक-पटक उडान रद्द गर्दा निरास बनेका स्थानियबासी बुद्ध एयरले सातैदिन उडान सेवा दिने भएपछि उत्साहित भएका छन्।

वि.स. २०१६ सालमा तत्कालिन मन्त्री गणेशमानसिंहद्वारा उद्घाटन भएको राजविराज विमान स्थल कच्ची धावनमार्गका कारण पटक-पटक संचालनमा आउने र बन्द हुने नियती भोग्दै आएको थियो। तर पच्छिलो पटक कच्ची तथा अन्य भौतिक पुर्वाधार निर्माण सम्पन्न भएपछि गत २०७५ साल अषाढ १० गते देखि श्री एयरलाईन्सले उडान सेवा सुरु गरेको थियो।

# भारतको गणतन्त्र दिवसमा बृक्षारोपन र अन्तरक्रिया सम्पन्न

**राजविराज**/ भारतको ७१ औं गणतन्त्र दिवसको अवसरमा नेपाल भारत मैत्री यूवा संघ सप्तरी बृक्षारोपण तथा अन्तरक्रिया सम्पन्न गरेको छ।

नेपाल भारत यूवा संघको आयोजना राजविराजस्थित मविव क्याम्पसमा बृक्षारोपन गरिएको छ। युवा सशक्तिकरण नेपाल तथा राष्ट्रिय विद्यार्थी संघ इकाई समिति मविव क्याम्पस राजविराजको संयुक्त सहकार्यमा सो बृक्षारोपन गरिएको हो।

क्याम्पस परिसरमा रुद्राक्ष, कपुर, गहगनी, गुलमोहर, रामबृक्ष, बाँसपति, इमलीसहित विभिन्न प्रजातीका फुल र बोटहरु रोपन गरिएको संघका अध्यक्ष किशोर कुमार यादवले जानकारी दिएका छन्।

यस्तै सोही अवसरमा शुक्रबार राजविराजमा नेपालको बिकासमा भारतीय योगदान बिषय अन्तरक्रियामा सम्पन्न गरिएको छ।

सम्पन्न अन्तरक्रियामा वक्ताहरुले नेपालको विकासमा भारतको सहयोग अपरिहार्य रहेको बताउँदै भारत सरकारले गरिरहेको सहयोगलाई बिर्सन नहुने बताएका छन्।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहको प्रमुख आतिथ्यमा आयोजित अन्तरक्रियामा वक्ताहरुले भारतीय सहयोगका कारण मुलुकको स्वास्थ्य तथा शिक्षा क्षेत्रले ठूलो फड्को मारेको बताए।

संघका अध्यक्ष किशोर कुमार यादवको अध्यक्षतामा आयोजित अन्तरक्रियामा नवनिर्वाचित राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव र शेखर कुमार सिंहलाई सम्मान समेत गरिएको थियो।

कार्यक्रममा राजपा नेपालका सहमहामन्त्री जय प्रकाश ठाकुर, गजेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादब, बरिष्ठ अधिबक्ता हिमत सिंह, विभिन्न स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT





एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७


## सपाको "बिसु"...

समितिका पदाधिकारी, प्रदेश कमिटिका पदाधिकारी तथा जिल्ला कमिटिका पदाधिकारीहरुसँग तीन महिने अभियानको कार्य योजना बनाइएको छ। बनाइएको कार्य योजना शनिबारै सम्पन्न जिल्ला कमिटिको बैठकबाट पारित समेत भएको मन्त्री साहले जानकारी दिएका छन्।

संगठन बिस्तार तथा सुदृढीकरण (बिसु) अभियानका सप्तरी संयोजक मन्त्री साहका अनुसार पार्टीलाई बैचारिक रुपमा बैकल्पिक र शक्तिको हिसाबले पहिलो बनाउने र पार्टी एकीकरण सन्देश जनताबीच पुऱ्याउने अभियानको उद्देश्य रहेको छ।

यस अभियानका लागि सप्तरीका चार वटै क्षेत्रको अभियान्ता समेत तोकिएको छ। जसअनुसार क्षेत्र नं. १ मा सूर्यनाथ यादव, २ मा शैलेश चौधरी, ३ मा बिनोद चौधरी र ४ मा अनिरुद्ध प्रसाद सिंहलाई अभियान्ता तोकिएको संयोजक साहले बताए।

माघ २१ गते पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले औपचारिक रुपमा सप्तरीमा अभियानको उद्घाटन गर्ने कार्यक्रम रहेको मन्त्री साहले जानकारी दिए।

उनले बाँकी काम सम्पन्न गर्ने, पार्टी कार्यकर्ताहरुको सैद्धान्तिक एवं बैचारिक स्तर अभिबृद्धि र रुपान्तरण गर्ने, समिति निर्माण गर्न बाँकी स्थानिय तहहरुमा संगठनात्मक संजाल बिस्तार गर्ने, पार्टी एकीकरण र ध्रुबीकरणको कामलाई घनिभूत गर्ने, पार्टीको प्रचारात्मक कामलाई व्यवस्थित गर्ने, पार्टीभित्र आपसी एका, हार्दिकता र सकारात्मक सोचको विकास गर्ने र संविधान संशोधन का लागि सडक र सदनबाट दबाब सृजना गर्ने अभियानको उद्देश्य रहेको जानकारी दिए।

अभियान माघ ३ गतेदेखी चैत मसान्तसम्म संचालन रहने बताउँदै संयोजक समेत रहेका मन्त्री साहले यसअघि अभियानको औपचारिक रुपमा माघ ३ गते प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरिसकेको जानकारी दिए।

## राजनीति बिना विकास ..

एक अर्को प्रसङ्गमा डा. राउतले आफूले कुनै व्यक्तिसँग सम्झौता नगरे नेपालको सर्वोच्च निकायसँग लुकाएर होइन् सार्वजनिक रुपमा सम्झौता गरेको बताए।

राजपाले मधेशी जनताको भावना विपरीत लुकाएर सरकारसँग सम्झौता गरि आफ्ना नेताहरुलाई राष्ट्रिसभामा पुऱ्याएको आरोप लगाउँदै उनले समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले बारम्वार सत्तामा गएर आफ्नो स्वार्थ मात्र पुरा गरेको आरोप लगाए।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np